# चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चामे, मनाङ
गण्डकी. प्रदेश, नेपाल

फोन नं. : ०६६-४४०१७०
इमेल : chamegaupalika@gmail.com

## मिति २०७५।०९।११ मा बसेको गाउँ कार्यपालिकाको बैठकको निर्णय

१. बेसीशहर-चामे सडक अन्तर्गतको त्रिचुङडाल्दा खण्डमा केही दिनदेखि निरन्तर सुख्खा पहिरोले सडक अवरोध भएको र मानवीय हिसाबमा पनि अतिनै जोखिम भएको हुँदा यथा शिघ्र पहिरो हटाउने व्यवस्थाका लागि संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय सडक डिभिजन, दमौली, तन्हुँलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. आ.व.२०७४/७५ का लागि यस गाउँपालिका मातहतमा रहेका सवै सामुदायिक विद्यालयको अन्तिम लेखापरीक्षण गर्न चामे गाउँपालिका शिक्षा नियमावली, २०७५ को नियम ८८ को उपनियम १ बमोजिम मिति २०७५-०८-२५ गते सूचना प्रकाशन भएकोमा एक मात्र निवेदन आइ.सि.ए.एण्ड एसोसिएट्स रजिष्टर्ड अडिटर्स इश्वरी चन्द्र अधिकारी, कठमाडौंको प्राप्त भएकोमा समयमै सवै विद्यालयको लेखापरीक्षण गर्न नियुक्ति दिने निर्णय गरियो ।

३. गाउँपालिका कार्यालय परिसरमा रहेको खाली स्थानमा सन हाउस निर्माणका लागि प्राविधिक लागत इष्टिमेट गराई कार्यालयको मौज्दात बजेटबाट कार्य गर्ने निर्णय गरियो ।

४. यस गाउँपालिकाको अस्थायी स्वीकृत दरबन्दीमा हालसम्म पनि आवश्यक प्राविधिक जनशक्ति पूर्ति नभएकोले गाउँपालिकाको समग्र विकासमा भौतिक पूर्वाधार निर्माण गर्न कठिनाई भएको हुँदा एक जना अधिकृत छैठौंस्तर सिभिल इन्जिनिय आगामी २०७६ साल असार मसान्तसम्मका लागि सेवा करार गर्न कार्य प्रकृया अघि बढाउने निर्णय गरियो ।